ZR151-11

एक चिनारी

अन्तर्राष्ट्रिय फौज्दारी अदालत

(आइ. सी. सी.)

इन्सेक
Insec

एक चिनारी

अन्तर्राष्ट्रिय फौज्दारी अदालत
(आइ. सी. सी.)

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक)

एक चिनारी
अन्तराष्ट्रिय फौज्दारी अदालत

संख्या : १००० प्रति

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

(यसमा उल्लेख भएका सामग्रीहरु स्रोत उल्लेख गरी प्रयोग गर्न सकिने छ ।)

टाइप/लेआउट : गीता माली

मूल्य : रु. १०/-

मुद्रक :
नवयुग सहकारी प्रेस
मदन नगर, बल्खु
फोन : २७५६९७

Published by: Informal Sector Service Centre (INSEC)
Nepali Translation of 'Primer on the International Criminal Court-ICC'/
Forum-Asia published in Oct. 2000

प्रकाशकका तर्फबाट

दण्डहीनता विश्वभर नै उल्लेखनीय चुनौतीका रुपमा रहेको छ। हाम्रो जस्तो प्रजातान्त्रिक व्यवस्था पूर्ण सुदृढ नभइसकेका देशहरुमा दण्डहीनताले यस्तो जरो गाडेको देखिन्छ, जसलाई उखेल्न विश्वव्यापि प्रयास नै आवश्यक पर्दछ । त्यही आवश्यकतालाई मनन गर्दै सन् १९९८ मा इटलीको राजधानी रोममा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधिवतः स्थापना गरिएको थियो। तर उक्त स्वतन्त्र स्थायी अन्तर्राष्ट्रिय संस्थाका बारेमा विश्वका सबै भू-भागमा अझै पनि आधारभूत जानकारीहरुको पर्याप्त प्रचार-प्रसार हुन सकेको छैन ।

अन्तर्राष्ट्रिय फौज्दारी अदालतसम्बन्धी रोम वडापत्र जारी गरिनुभन्दा आठ वर्षअघि नै नेपालमा बहुदलीय व्यवस्थाको पुनः स्थापना भइसकेको थियो। छयालीस सालको ऐतिहासिक जनआन्दोलको सफलता पछि नेपालमा पनि मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखत-दस्तावेजहरुका बारेमा निकै छलफल हुने गरेका छन् । तर अन्तर्राष्ट्रिय समुदायद्वारा चासो दर्शाइएका गम्भीर अपराधमा संलग्न जो सुकैलाई अन्तर्राष्ट्रिय अदालतमा उभ्याउन सकिन्छ भन्ने कुरा भने आम नेपाली जनतामाझ व्यवस्थित रुपमा छलफलको विषय बन्न सकेको छैन ।

वितेको शताब्दीमा लाखौं बालबालिका, महिला तथा पुरुषले अकल्पनीय क्रुरताबाट पीडित हुनु परेको यथार्थलाई अन्तर्राष्ट्रिय फौज्दारी अदालत- आइ. सी. सी. को वडापत्रको प्रस्तावनामै सुस्पष्ट शब्दमा समेटिएको छ । मानवीय चेतनामा गम्भीर चोट पुऱ्याउने त्यस्ता गम्भीर अपराधहरुबाट शान्ति-सुरक्षा खल्बलिने र समुन्नतिको बाटो अवरुद्ध हुने कुरामा जोड दिंदै वडापत्रमा विश्वव्यापिरुपमा देखिएको दण्डहीनताको प्रवृतिप्रति गम्भीर चिन्ता व्यक्त गरिएको छ । दण्डहीनताको अन्त्य गर्न विश्वव्यापिरुपमा कुख्याति कमाएका मानवता विरोधी गम्भीर घटनाका दोषीहरु उपर विधिसम्मत्: ढंगले मुद्दा चलाउन राष्ट्रिय तहमा निश्चित मापदण्डहरु तय गरिनु पर्छ भन्ने कुरा निकै पहिलेदेखि उठ्दै आएको थियो । त्यसैका लागि अन्तर्राष्ट्रिय पहललाई सुदृढ पार्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय फौज्दारी अदालत अस्तित्वमा आएको हो ।

संयुक्त राष्ट्रसंघका साठी सदस्य राष्ट्रहरुले अनुमोदन गरी सकेपछि आइ. सी. सी. कार्यान्वयनमा आउन सक्छ। गएको महिना संयुक्त अधिराज्यले यसको अनुमोदन गरेपश्चात् आइ. सी. सी. प्रति सहमति जनाउने राष्ट्रहरुको संख्या ४२ पुगेको छ । त्यसैले यस विषयमा विश्वव्यापि रुपमै व्यापक प्रचार-प्रसार र छलफल हुन जरुरी छ ।

संसारको जुनसुकै भू-भागमा प्रजातान्त्रिक राष्ट्रिय न्याय प्रणालीका लागि सहयोगीको भूमिका निर्वाह गर्न सक्ने अन्तर्राष्ट्रिय फौज्दारी अदालतका बारेमा नेपालको सन्दर्भ र परिस्थितिलाई ध्यानमा राखी व्यापक छलफल गरिनु आवश्यक छ । अन्तर्राष्ट्रिय फौज्दारी अदालतका लागि एसियाली सञ्जालसँग हातेमालो गर्दै इन्सेक पनि त्यसका निम्ति अग्रसर भएको छ । त्यही क्रममा अन्तर्राष्ट्रिय फौज्दारी अदालतका बारेमा थाइल्याण्डस्थित क्षेत्रीय मानवअधिकार संस्था- फोरम एसिया- जसको इन्सेक पनि सदस्य रहेको छ- द्वारा अंग्रेजीमा तयार पारिएको सामग्रीलाई नेपालीमा प्रस्तुत गरिएको छ । अन्तर्राष्ट्रिय फौज्दारी अदालतसम्बन्धी यो चिनारी-पुस्तिका दण्डहीनताका बारेमा भएको प्रभावकारी अन्तर्राष्ट्रिय प्रयासको संक्षिप्त जानकारी प्रदान गर्न समक्ष छ भन्ने हामीलाई लागेको छ । तसर्थः यो सानो पुस्तिका सबैका निम्ति उपयोगी हुन सक्ने आशा हामीले गरेका छौं ।

चिनारी-पुस्तिकाको अनुवाद र परिमार्जका निम्ति इन्सेकका सदस्यद्वय पत्रकार अग्निशिखा र अधिवक्ता हरि फूयाँलप्रति धन्यवाद ज्ञापन गर्दछु । पुस्तिकाको टाइप र साजसज्जाका लागि इन्सेककी गीता माली धन्यवादकी पात्र हुनुहुन्छ ।

०५८ वडादशैं कार्तिक १०,

सुबोधराज प्याकुरेल
महासचिव

अन्तर्राष्ट्रिय फौज्दारी अदालत
एक चिनारी

१. अन्तर्राष्ट्रिय फौज्दारी अदालत के हो ?

अन्तर्राष्ट्रिय फौज्दारी अदालत, रोम विधानअनुरुप अन्तर्राष्ट्रिय समुदायद्वारा सिर्जना गरिएको स्थायी स्वतन्त्र न्यायिक अंग हो, जसले अन्तर्राष्ट्रिय कानून अन्तरगत, अत्यन्त गम्भीर अपराध, आमनरसंहार, मानवता विरुद्धका अन्य अपराध, युद्ध अपराध र आक्रमणको अपराधमा न्यायिक कारवाही गर्नेछ ।

२. अन्तर्राष्ट्रिय फौज्दारी अदालतका विशेषता के-के हुन् ?

अन्तर्राष्ट्रिय न्यायिक अदालत (आइ. सि. जे.) ले राष्ट्रका सन्दर्भमा न्यायिक कारवाहीको दायित्व बोकेको छ । यसको विपरित अन्तर्राष्ट्रिय फौज्दारी अदालतले व्यक्तिसँग सरोकार राख्दछ र अपराधको अनुसन्धान गर्ने, कारवाही अगाडि बढाउने र व्यक्तिलाई दण्डित गर्ने हैसियत राख्दछ । यो नै यस अदालतको स्पष्ट पहिचान हो । यसर्थ यो एउटा मञ्च पनि हो जसले सरकारको हिस्सा बनेर वा सरकारसँग सम्बन्धित रहेर या सरकार परिवर्तन वा यथास्थितिमा फेरबदल ल्याउन विद्रोहमा संलग्न समूहको हिस्सा वा सम्बन्धित रहेका व्यक्तिका अपराधको सही निरुपण गर्न सक्छ ।

दोस्रो कुरा, यो अदालत रुवाण्डा र युगोस्लाभियाको लागि गठित तदर्थ ट्रिब्युनल जस्तो होइन । यो नेदरल्याण्डस्को हेगमा रहेको स्थायी निकाय हो । यो हैसियतका कारण अदालत विश्वव्यापिरुपमा अपराधिक कार्यसँग सम्बन्धित समस्याको समाधान गर्न तत्काल कारवाही गर्न सक्ने स्थिर निकाय बन्न पुगेको छ ।

तेस्रो कुरा, यो राष्ट्रिय अदालत जस्तो होइन । यसले राष्ट्रिय अदालतभन्दा पृथक रुपमा अपराधीमाथि अन्तर्राष्ट्रिय न्यायिक क्षेत्राधिकार प्रयोग गर्दछ । यसले गर्दा, आफ्नो राष्ट्रमा आफूले गरेका युद्ध अपराध, मानवता विरुद्धको अपराध, नरसंहार र आक्रमणको अपराधका लागि राष्ट्रिय न्यायिक क्षेत्राधिकारबाट उम्किन सक्ने तानाशाह र अन्य अपराधीहरुलाई दण्डित गर्ने समस्या हल हुनेछ ।

३. अन्तर्राष्ट्रिय फौज्दारी अदालतको प्रादुर्भाव कसरी भयो ?

न्यूरेम्वर्ग र टोक्योमा युद्ध अपराधी विरुद्ध न्यायिक कारवाही भए यताका पचास वर्षमा लाखौं व्यक्तिलाई शिकार वनाउने नरसंहार, युद्ध अपराध र मानवता विरुद्धको अपराधका लागि जिम्मेवारहरुलाई न्यायको कठघरामा ल्याउन राज्यहरु प्रायः असफल भए । संयुक्त राष्ट्र संघ स्थापनाको लगत्तै गठन गरिएको अन्तर्राष्ट्रिय कानून आयोग (International Law Commision - ILC) लाई न्यूरेम्वर्ग सिद्धान्तलाई व्यवस्थितरुपमा संहितावद्ध गर्न र अन्तर्राष्ट्रिय फौज्दारी अदालत स्थापनाको लागि विधानको मसौदा तयार गर्न अख्तियारी दिइएको थियो । तथापि, शितकालीन युद्धका वर्षहरुमा देखा परेको विभाजनले गर्दा यस तर्फको पहलमा दशकौंसम्म पक्षाघातको स्थिति उत्पन्न भयो । सन् १९९० को दशकको सुरुवाततिर अन्तर्राष्ट्रिय सम्वन्धमा आएको परिवर्तनले गर्दा नै रुवाण्डा तथा पूर्व युगोस्लाभियामा भएको निर्दयताको जवाफमा तदर्थ रुपमा अन्तर्राष्ट्रिय फौज्दारी ट्रिब्यूनलको सिर्जना गर्ने अनुकूलता उत्पन्न भयो। यो तदर्थ ट्रिब्यूनलको गठन र अन्य भूमण्डलीय विकासका कारण स्थायी अदालतसम्वन्धी छलफलमा उत्साहको सिर्जना भयो । एउटा सानो राष्ट्र ट्रिनिडाड एण्ड टोवागोले यस सवालमा संयुक्त राष्ट्रसंघले फेरि एक पटक पहल गर्नुपर्ने प्रस्ताव अघि साऱ्यो । यस पटक, यो विचारले छिट्टै नै अग्रता हासिल गऱ्यो । सन् १९९५ भरि आइ. एल. सी. ले अन्तर्राष्ट्रिय फौज्दारी अदालतको लागि तयार पारेको मस्यौदा विधानमाथि संयुक्त राष्ट्रसंघमा छलफल चलाइयो।

त्यस यताका दुई वर्षमा संयुक्त राष्ट्रसंघले आइ. सी. सी. का सन्दर्भमा, यसप्रकारको अदालतसंग सम्वद्ध सम्पूर्ण सवालहरुमा सरकारहरुद्वारा छलफलका लागि तयारी आयोग (Preparatory Commission) का छ वटा बैठक सम्पन्न गऱ्यो । तयारीका यी प्रक्रियामा गैरसरकारी संस्थाहरु र अन्तर्राष्ट्रिय कानूनका विज्ञहरु सक्रियतापूर्वक सहभागी भए र प्रस्तावित विधानसंग सम्वद्ध यथार्थ कानूनी तथा राजनीतिक सवालमा महत्वपूर्ण सहयोग उपलब्ध गराए । गैरसरकारी संस्थाहरु र विशेषतः महिला समूहहरुको सक्रिय सहभागिताले वालअधिकार तथा लैंगिक सवाललाई अगाडि ल्यायो ।

जुलाई १७, १९९८ मा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापनाका लागि एकसय बीस राष्ट्रले रोम विधानको अन्तिम दस्तावेजमा समर्थन-मत प्रदान गरे । त्यसवेला मतदानमा २१ राष्ट्र अनुपस्थित रहे भने संयुक्त राज्य

अमेरिका, चीन, जापान, भारत र इजरायललगायत ७ राष्ट्रले विरोधमा मत दिए । १५ अक्टोबर, २००० सम्ममा एकसय चौध राष्ट्रले विधानमा हस्ताक्षर गरिसकेका छन् भने यी मध्ये हस्ताक्षरकारी २१ राष्ट्रले यसलाई अनुमोदन गरेका छन् । सम्झौतालाई बेल्जियम, बेलिज, क्यानाडा, फिजी, फ्रान्स, घाना, आइसल्याण्ड, इटली, माली, नर्वे, सानमारिनो, सेनेगल, ट्रिनिडाड एण्ट टोवागो, ताजिकिस्तान र भेनेजुएलाले अनुमोदन गरेका छन् । राज्यहरुले डिसेम्बर ३१, २००० सम्ममा विधानमा हस्ताक्षर गर्नुपर्ने थियो । ६० राष्ट्रले विधानलाई अनुमोदन गरेको खण्डमा यो तत्काल कार्यान्वयनमा आउने छ ।

एसियामा पाँच राष्ट्र थाइल्याण्ड, बंगलादेश, दक्षिण कोरिया, ताजिकिस्तान किर्गिजस्तानले मात्र हस्ताक्षर गरेका छन् भने एक मात्र राष्ट्र ताजिकिस्तानले मात्र यसलाई अनुमोदन गरेको छ ।

४. अन्तर्राष्ट्रिय फौज्दारी अदालतको आवश्यकता किन ?

"सशस्त्र विवादले अन्ततोगत्वा दूर्व्यवहारलाई बढाउनेछ, र यसमा प्रत्यक्षतः संलग्न शक्तिहरु मात्र परिणामको शिकार बन्दैनन् ।"

दोस्रो विश्व युद्धको व्यापक नरसंहारको पचास वर्ष पछि बोस्नियाको युद्ध, रुवाण्डाको नरसंहारले विश्व समुदाय युद्ध अपराध, मानवता विरुद्धको अपराध, नरसंहार र आक्रमणलाई नियन्त्रण गर्न असफल भएको देखाएको छ। युद्ध सरदार र तानाशाहहरु योजना बनाउँछन् र पूर्णतः दण्डहीनताको स्थितिमा सामुहिक बलात्कार, गैरन्यायिक हत्यालगायतका अपराधहरु गर्दै अन्य अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानवअधिकारको नाङ्गो रुपमा उल्लंघन गर्छन् । न्युरेम्वर्गको न्यायिक कारवाही यता अनुमानित १ करोड ४० लाख नागरिक युद्धजन्य मृत्युको शिकार भएका छन् । वर्तमानमा मानवता विरुद्ध हुने गरेको अत्यन्त गम्भीर प्रकृतिका निर्दयताको जवाफमा विश्वको मुख्य काम भनेकै प्रतिबन्ध र नाकाबन्दी लगाउनु वा सामुहिक रुपमा सैनिक शक्ति प्रयोग गर्नु रहेको छ । यी भुत्ते हतियारले निर्दयी व्यक्तिहरुलाई भन्दा बढी प्रायः निर्दोष नागरिकहरुलाई पीडित बनाउने गरेको छ । पीडकहरु प्रायः आफ्ना सत्ताबाट संरक्षण प्राप्त गर्दछन् वा अत्यन्त शक्तिशाली भएका कारण आफ्ना राष्ट्रिय सीमाभित्र दण्डित हुनबाट बच्दछन् ।

अन्तर्राष्ट्रिय कानूनको उल्लंघनका लागि व्यक्तिलाई समेत जवाफदेही

बनाएर मात्र विश्व समुदायले अन्तर्राष्ट्रिय समुदायको सरोकारको विषय बनेको अत्यन्त गम्भिर अपराधका सूत्रधारहरुसँग प्रभावकारिताका साथ सामना गर्न सक्नेछ । वर्तमानका पीडितहरुलाई सहयोग गर्न र भविष्यका अपराधीहरुलाई निरुत्साहित पार्न यो महत्वपूर्ण रहेको छ । जुन-जुन राष्ट्रहरुमा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन गर्ने व्यक्तिहरुलाई न्यायिक कारवाही गर्ने सवालमा त्यहाँका अदालत असमर्थ रहेका छन्, अन्तर्राष्ट्रिय फौज्दारी अदालतले यो भूमिका निर्वाह गर्न सक्दछ । यस्तो अदालतले आफ्ना नागरिकको हत्या गर्ने कामबाट भविष्यका तानाशाहहरुलाई निरुत्साहित पार्न सक्दछ ।

आइ. सी. सी.को उपस्थिति अन्तर्राष्ट्रिय शान्ति कायम गर्नमा समेत बडो लाभदायक हुनेछ । संयुक्त राष्ट्रसंघका शान्ति कायमकर्ताहरुले कहिले काहीं युद्धरत् पक्षहरुका बीचमा आफूलाई राखेर सम्पूर्णतः कत्लेआमलाई रोक्न सकेका छन् । तथापि, जस्तो की हामीले सोमालिया, बोस्निया, रुवाण्डा, हाइटीलगायत अन्यत्र पनि देखेका छौं- गोलावारी रोकिदैमा, जुन घृणाले लडाई चर्किएको छ त्यो रोकिदैन । लडाईमा संलग्न जनतामा न्याय प्रातिको अनुभूति नभएसम्म हिंसाको चक्र जारी नै रहन्छ ।

एसियालाई आपसी युद्ध र तानाशाही शासनको महामारीले आक्रान्त पार्दैआएको छ । यस क्षेत्रमा व्यापक मृत्यु र मानवअधिकारको उल्लंघनका घटनाका बाबजुद् युद्धरत् पक्षका अत्यन्त थोरै व्यक्तिमाथि मात्र न्यायिक कारवाही चलेको छ भने त्यसमा पनि थोरै मात्र, अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनका खातिर अपराधी ठहर गरिएका छन् । फिलिपिन्स, इण्डोनेसिया, श्रीलंका र पूर्वी टिमोर जस्ता राष्ट्रमा व्यापक उल्लंघनका रिपोर्टका बाबजुद् मानवअधिकार र मानवीय कानूनका उल्लंघनकर्ताहरुलाई दण्डित गर्नेतर्फ उल्लेखनीय प्रगति हुन सकेको छैन । कम्बोडियाको वधस्थलका जिम्मेवारहरु आजसम्म पनि दण्डमुक्त नै रहेका छन् । आइ. सी. सी. पीडितहरुको मञ्च मात्र होइन, वरु दण्डहीनताको फाइदा उठाएर अपराधहरु गरिएको अवस्थामा त्यस्तो दण्डहीनतालाई निरुत्साहित गर्ने निकाय पनि बन्न सक्दछ ।

यसभन्दा बढी, अन्तर्राष्ट्रिय मानवीय कानून र मानवअधिकारको विकासमा आइ. सी. सी. ले चोटिलो अभिव्यक्तिको प्रतिनिधित्व गर्दछ । एसियाली राष्ट्रहरुद्वारा भएको आइ. सी. सी. को अनुमोदनले यी कानूनलाई

सम्बन्धित राष्ट्रको कानूनी तथा न्यायिक प्रणालीमा अझ बढी संस्थागत गर्ने कुरामा र मानवअधिकार उल्लंघन गर्ने व्यवस्थाको उद्भवमा नियन्त्रण गर्नमा समेत प्रभाव पार्नेछ ।

आइ. सी. सी. को उपस्थिति मात्रले पनि एसियाको मानवअधिकार-स्थितिलाई व्यापक रुपमा व्यवस्थित पार्नेछ । एसियाली राष्ट्रहरुले आइ. सी. सी. को अनुमोदन गरेको अवस्थामा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका विभिन्न अभिसन्धिहरुलाई समेत यस क्षेत्रमा कार्यान्वयन गर्न सहज हुनेछ ।

५. अन्तर्राष्ट्रिय फौज्दारी अदालतले कुन-कुन अपराधको छानवीन गर्दछ ?

यो अदालतले नरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध र आक्रमण जस्ता व्यक्तिद्वारा भएका गम्भीर अपराधलाई हेर्दछ । यी अपराधलाई विधानमा स्पष्ट रुपमा होशियारीपूर्वक परिभाषित गरिएको छ ताकी अनेकार्थी र अस्पष्ट नहोस् । जब राज्य पक्षहरु परिभाषा, तत्व र अवस्था- जस अन्तरगत अदालतले न्यायिक प्रक्रियाको अभ्यास गर्दछ- मा सहमत हुन्छन् तब आक्रमणको अपराधमाथि पनि अदालतले कारवाही थाल्दछ ।

अ. नरसंहार- कुनै निश्चित समूहका जनतालाई सम्पूर्णतः वा आंशिकरुपमा सखाप पार्ने लक्ष्यतर्फ उन्मुख कारवाहीहरुमध्येको एउटा हो । यही अभिप्रायका कारण मानवता विरुद्धको अन्य अपराधहरुबाट नरसंहारलाई छुट्याउँदछ ।

विधानको धारा ६ अनुसार, कुनै राष्ट्रिय, जनजाति, जातीय वा धार्मिक समूहलाई "सम्पूर्ण या आंशिकरुपमा" सखाप पार्ने अभिप्रायका साथ देहायका पाँच निषेधित कार्य गरिएमा त्यो नरसंहार मानिने छ :

- समूहका सदस्यहरुलाई मार्नु,
- कुनै समूहको सदस्यलाई शारीरिक र मानसिक नोक्सानी पुऱ्याउनु,
- सम्पूर्ण वा आंशिकरुपमा भौतिक संहार निम्त्याउन कुनै समूहमाथि नियतपूर्वक उनीहरुको परम्पराभन्दा पृथक जीवनशैली थोपर्नु,
- कुनै समूहभित्र जन्म निषेध गर्ने अभियप्रायको कदम थोपर्नु,
- एक समूहका बालबालिकालाई अर्को समूहमा बलजफ्ती स्थानान्तरण गर्नु,

विधानको धारा २५ (३) (ख) अनुसार नरसंहारको कार्य गर्ने कुनै व्यक्तिलाई त्यसका लागि आदेश दिने, सहयोग गर्ने वा बाध्य पार्ने व्यक्ति पनि नरसंहारकै दोषी हो ।

व्यक्तिको हैसियत जे सुकै होस्, जो कोही माथि नरसंहारका लागि मुद्दा चलाउन सकिन्छ । यसको अर्थ, बन्दूकको घोडा दबाउने, पैदल सैनिक वा अर्को घरको छिमेकी मात्र अपराधका दोषी हुने होइनन्, त्यो कार्यको योजना रच्ने वा आदेश दिने राष्ट्र प्रमुख वा सरकारका मन्त्रीसमेत दोषी मानिने छन् । आइ. सी. सी. को न्यायिक क्षेत्राधिकारले राष्ट्र प्रमुखलाई दण्डहीनताको छुट दिंदैन । माथिल्लो तहका गैरकानूनी आदेशहरु पालन गर्नु नरसंहारको सवालमा प्रतिरक्षा बन्न सक्दैन ।

आ. मानवता विरुद्धको अपराध- सन् १९४५ को न्युरेम्बर्ग मुद्दाको वडापत्रमा मानवता विरुद्धको अपराधलाई पहिलो पल्ट अन्तर्राष्ट्रिय संयन्त्रमा संहिताबद्ध गरिएको थियो । यसलाई अन्तर्राष्ट्रिय कानूनको एउटा अंगका रुपमा मान्यता दिइएको थियो । यसलाई अहिले रोम विधानअन्तरगत अन्तर्राष्ट्रिय सम्झौतामा स्पष्ट रुपमा परिभाषित गरिएको छ र साधारण अपराधभन्दा तीन किसिमले विशिष्टिकृत गरिएको छ :

पहिलो, उल्लेखित अपराधहरुमा निहित काम उदाहरणका लागि हत्या, "व्यापक वा योजनावद्ध आक्रमणको एउटा हिस्साको रुपमा भएको" हुनु पर्दछ।

दोस्रो, ती कार्य ज्ञातपूर्वक नै नागरिक विरुद्ध निर्देशित हुनु पर्दछ ।

तेस्रो, ती कार्य "राज्य वा सांगठनिक नीति" लाई पछ्याउने क्रममा भएको हुनैपर्छ । जसअनुरुप, ती कार्य सरकारी गुप्तचर वा तिनको प्रोत्साहनमा कुनै व्यक्ति वा तिनीहरुको निकाय, उदाहरणका लागि मण्डले (भिजिलान्ते) वा अर्ध सैनिक दस्ताबाट हुन सक्छ । मानवता विरुद्धको अपराध सरकारसँग कुनै सम्बन्ध नरहेको कुनै संगठन, जस्तो कि विद्रोही समूहको नीति पछ्याउने क्रममा पनि हुन सक्छ ।

रोम विधानले ११ प्रकारको अपराधलाई समेटेको छ, जुन मानवता विरुद्धको अपराध मानिन सक्छन् :

१. हत्या

२. सफाया अभियान, जसमा जनतालाई खाद्य वा औषधीको पहुँचबाट बन्चित गरिएको छ । यसर्थ कि यो कार्य तिनको संहार निम्त्याउन योजनाबद्ध रुपमा गरिएको हुन्छ ।

३. दासता वा व्यक्तिमाथि स्वामित्व जमाउने शक्तिको अभ्यास, यसमा व्यक्तिको ओसार-पसार पनि पर्दछ ।

४. जनसंख्याको बलजफ्ती स्थानान्तरण वा विस्थापन वा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रदत्त अनुमति विना जनतालाई वैधानिक रुपमा बसोबास गरी आएको क्षेत्र छोड्न बाध्य पार्नु ।

५. थुना वा अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गर्दै भौतिक स्वतन्त्रताबाट बञ्चित गर्नु ।

६. यातना, जसलाई हिरासतमा रहेको व्यक्ति वा आरोपित व्यक्तिको नियन्त्रणमा रहेको व्यक्ति माथि अभिप्रायपूर्वक दिइएको कडा शारीरिक वा मानसिक पीडाको रुपमा परिभाषित गरिएको छ ।

७. बलात्कार, यौन दासता, थोपारिएको बेश्यावृत्ति, बाध्यतापूर्वक गराइएको गर्भधारण, जबरजस्ती बन्ध्याकरण वा कुनै अन्य प्रकारको यौन हिंसा ।

८. कुनै चिन्हित समूह वा सामूहिकता विरुद्ध, राजनीतिक, जातीय, राष्ट्रिय जनजातीय, सॉस्कृतिक, धार्मिक, लैंगिक वा अन्य कुनै बहानामा गरिने दमन जसलाई विश्वव्यापीरुपमा अन्तर्राष्ट्रिय कानून अन्तरगत अनुमति दिइएको छैन वा विधानसँग सम्बद्ध कुनै पनि अपराधमा छूट छैन ।

९. राज्य वा राजनीतिक संगठनद्वारा वा उसको आधिकारिकता, स्वीकृति वा संलग्नतामा जबर्जस्ती वेपत्ता पारिनु, व्यक्तिको गिरफ्तारी, कैद वा अपहरण।

यससँगै :

- स्वतन्त्रताको अपहरण भएको मान्न अस्वीकार गर्नु ।
- लामो समयका लागि बेपत्ता पारिएका व्यक्तिहरुलाई कानूनको संरक्षणबाट बञ्चित गर्ने अभिप्रायकासाथ तिनीहरुको बारेमा सूचना दिन अस्वीकार गर्नु।

१०. सत्तालाई टिकाइ राख्ने अभिप्रायका साथ एक जातीय समूहद्वारा अन्य जातीय समूहमाथि संस्थागत शासनको योजनाबद्ध उत्पीडन तथा हैकमको परिप्रेक्ष्यमा भएका जातीवादी अमानवीय कार्यहरु ।

११. यस्तै चरित्रका अन्य अमानवीय कार्यहरु जसले अभिप्रायका साथ ठूलो दुःख वा गम्भिर शारीरिक वा मानसिक वा स्वास्थ्यमा चोट पुऱ्याउँछ ।

यी अपराधहरु शान्ति वा सशस्त्र विवादको दुवै समयमा हुन सक्छन् ।

सशस्त्र विवादको समयमा मात्र मानवता विरुद्ध अपराध हुन्छ भन्ने छैन ।

इ. युद्ध अपराध- मध्ययुग देखि नै राष्ट्रिय अदालतमा दण्डनीय मानिदैआएका छन् । सन् १९०० ताका प्रशस्त अन्तर्राष्ट्रिय मानवीय सम्झौताहरुको विकास भएको थियो । उदाहरणका लागि चौथो हेग महासन्धि (१९०७) र यसको नियमावली, १९४९ को चारवटा जेनेभा महासन्धि र तिनको प्रोटोकल (१९७७) र रोम विधानको धारा ८ ले आइ. सी. सी. लाई अन्तर्राष्ट्रिय सशस्त्र विवादका क्रममा भएका युद्ध अपराधका व्यापक दायराहरुमा न्यायिक क्षेत्राधिकार प्रदान गरेको कुरा उल्लेख गर्न सकिन्छ । जसलाई यी सम्झौताहरु र अन्तर्राष्ट्रिय प्रथाजनित कानूनमा मान्यता प्रदान गरिएको छ। यसले अन्तर्राष्ट्रिय कानूनमा भएको वर्तमान विकासको पुनर्पुष्टी गर्दै आइ. सी. सी. लाई गृहयुद्ध जस्तो आन्तरिक सशस्त्र विवाद जुन आज अत्यन्त आम रुपमा रहेको छ - मा पनि युद्ध अपराधको कारवाही चलाउने अधिकार दिएको छ। मानवता विरुद्धको अपराध विपरित युद्ध अपराध एकल, पृथक, छिन्नभिन्न वा छ्यासमिसे हुनसक्छ जुन व्यापक वा योजनावद्ध हुनैपर्छ भन्ने आवश्यकता छैन।

यी युद्ध अपराध मुख्यतः दुई मुख्य वर्गीकरणमा पर्दछन् :

पहिलो, आइ. सी. सी. ले सन् १९४९ को चारवटा जेनेभा महासन्धिको उल्लंघन गरेको आरोपित व्यक्तिमाथि कारवाही चलाउन सक्छ । यसलगायत देहायका स्वेच्छिक कार्यहरु जुन संरक्षित व्यक्ति विरुद्ध गरिएका छन्, उदाहरणका लागि घाइते सिपाही, दुर्घटनाग्रस्त नाभिक, युद्ध बन्दी, अधीनस्थ क्षेत्रका नागरिक ।

- स्वेच्छाचारी हत्या ।
- यातना वा जैविक प्रयोगलगायतका अमानवीय व्यवहार ।
- दुर्भावनापूर्वक, संरक्षित व्यक्तिलाई निश्पक्ष न्यायको अधिकारबाट बन्चित गर्नु ।
- सैन्य आवश्यकताले औचित्यपूर्ण नठहऱ्याएको निरर्थक संहार र सम्पत्तिको क्षति ।
- युद्ध बन्दी वा अन्य संरक्षित व्यक्तिलाई विदेशी सत्ताको सेना काम गर्न बाध्य पार्नु ।
- स्वेच्छाचारी ढंगले निष्पक्ष न्यायिक कारवाहीबाट संरक्षित व्यक्तिलाई बन्चित गर्नु ।

- अवैधानिक विस्थापन वा कैद ।
- बन्धक बनाउनु ।

दोस्रो, अन्तर्राष्ट्रिय कानूनको स्थापित ढाँचाभित्र निहित अन्तर्राष्ट्रिय विवादमा लागू हुने परिपाटी र कानूनको गम्भिर उल्लंघन समेत अदालतको न्यायिक क्षेत्राधिकारभित्र रहेको छ । यी लगायत जेनेभा महासन्धिको हेग नियमावली र प्रथम प्रोटोकलका साथै अन्तर्राष्ट्रिय प्रथाजनित कानूनमा उल्लेखित उल्लंघन पनि अदालतको न्यायिक क्षेत्राधिकारभित्र पर्दछ ।

यसका साथै अन्य कुरामा :

- नागरिक सामग्री, मानवीय सहयोग वा शान्ति रक्षा गर्ने जस्ता कार्यउपर निषेधित आक्रमण ।
- नागरिक माथि जीवनको क्षति र चोट पुग्दछ वा नागरिक सामग्रीको क्षति हुन्छ वा वातावरणलाई कडा नोक्सानी पुग्दछ, भन्न्ने थाहा हुँदाहुँदै पनि यस्तो कार्य गर्नु ।
- रेडक्रस र रेडक्रेसेन्टको चिन्ह प्रयोग भएका भवन, सामग्री, चिकित्सा टोली, यातायात र कर्मचारी माथिको आक्रमण ।
- सैन्य उद्देश्यका भन्दा पृथक धर्म, शिक्षा, कला, विज्ञान वा सेवामूलक संस्था, ऐतिहासिक स्मारक र अस्पताल विरुद्धको आक्रमण ।
- निहत्था व्यक्तिमाथिको आक्रमण, जस्तो कि- आत्म समर्पण गरेको सिपाहीलाई मार्नु वा घाइते बनाउनु, शारीरिक अंगभंगता वा चिकित्सा वा वैज्ञानिक प्रयोग जुन आवश्यक छैन वा सम्बन्धित व्यक्तिको चाहना होइन र जसले तिनको स्वास्थ्यलाई गम्भीर खतरायुक्त बनाउँछ ।
- वैयक्तिक गरिमा विरुद्धको आक्रोश, अपमानजनक र निचतापूर्ण व्यवहार ।
- बलात्कार र यौन हिंसाका अन्य रुप तथा मानव बन्धकको प्रयोग ।
- युद्ध कलाका निषेधित तरिका, जस्तो कि युद्ध विरामको झण्डा, संयुक्त राष्ट्र संघ र दुश्मनको चिन्ह, रेडक्रम वा रेडक्रेसेन्टको संकेतको दुरुपयोग ।
- सैन्य आवश्यताले औचित्यपूर्ण नठानेको दुश्मनको सम्पत्ति माथि लुटपाट मच्चाउनु, कब्जा वा संहार ।
- विषादी पदार्थ, विषालु ग्याँस, शरीरभरि विषालु प्रभाव फिँजाउँदै लैजाने गोली र विधानको संशोधनमा थपिएका अन्य निषेधित हतियारको प्रयोग ।

- योजनाबद्ध रुपमा नागरिकलाई भुखमरी पीडित बनाएर युद्धको तरिकाको रुपमा उपयोग गर्नु ।
- पन्ध्र वर्ष मुनिका बालबालिकालाई राष्ट्रिय सेनामा भर्ती गर्नु वा सक्रियतापूर्वक तिनलाई शत्रुतापूर्ण गतिविधिमा उपयोग गर्नु ।
- अधीनस्थ क्षेत्रमा निश्चित प्रकारका निषेधित कार्यहरु गर्नु, उदाहरणका लागि आधिपत्यकारीद्वारा आफ्नो नागरिक जनसंख्याको हिस्सालाई अधीनस्थ क्षेत्रमा स्थानान्तरण गर्नु वा अधिनस्थ क्षेत्रमा जनसंख्यालाई सम्पूर्णतः वा आंशिकरुपमा विस्थापन वा स्थानान्तरण गर्नु वा शत्रु राष्ट्रका नागरिकहरुको कानूनी अधिकार खारेज गर्नु वा निलम्वित गर्नु ।

आन्तरिक द्वन्द्व

अन्तर्राष्ट्रिय चरित्रको सशस्त्र द्वन्द्व भएको खण्डमा अदालतले चारवटै जेनेभा महासन्धिका धारा ३ को गम्भीर उल्लघंन भएको मान्ने छ । र, आफ्ना न्यायिक क्षेत्राधिकारको प्रयोग गर्नेछ । विशेषतः "शत्रुतापूर्ण गतिविधिमा सक्रियतापूर्वक भाग नलिएका" व्यक्ति विरुद्ध भएका निम्न कार्यहरुः

- जीवनमाथिको हिंसा, व्यक्तिको हत्या, अंगभंग गरिएको अवस्था, निर्दयी व्यवहार र यातना।
- वैयक्तिक गरिमा विरुद्धको आक्रोश, खासगरी अपमानजनक तथा निचतापूर्ण व्यवहार ।
- बन्धक बनाउनु ।
- नियमित रुपमा स्थापित अत्यावश्यक सबै प्रकारका न्यायिक अधिकारहरुको प्रत्याभूतियुक्त अदालतको पूर्व फैसला विना दण्डको निर्णय गर्नु,
- जेनेभा महासन्धिको दोस्रो प्रोटोकलद्वारा मान्यता प्राप्त मानवीय कानूनका गम्भीर उल्लंघनका सवालमा पनि अदालतले मुद्दा चलाउन सक्नेछः

१. शत्रुतापूर्ण गतिविधिमा प्रत्यक्ष सहभागी नभएका नागरिक समूह वा व्यक्ति विरुद्ध नियोजित रुपमा आक्रमणको निशाना बनाउनु ।
२. जेनेभा महासन्धिको विशिष्ट चिन्ह उदाहरणका लागि रेडक्रस वा रेडक्रेसेन्ट सहितका भवन, सामग्री, चिकित्सा टोली, यातायात र कर्मचारीलाई नियोजित रुपमा आक्रमणको निशाना बनाउनु ।
३. मानवीय सहयोग कार्यमा संलग्न कर्मचारी, यातायात र संयुक्त राष्ट्रसंघ शान्ति रक्षा मिसनलाई नियोजित रुपमा आक्रमरणको निशाना बनाउनु।

४. सैनिक प्रयोजनका निम्ति नरहेका धर्म, शिक्षा, कला, विज्ञानका केन्द्र, सेवामूलक संस्था, ऐतिहासिक स्मारक, विरामी तथा घाइतेहरु रहने अस्पताल र स्थानलाई नियोजित रुपमा आक्रमणको निशाना बनाउनु ।

५. आक्रमणबाट कब्जामा लिइसकेपछि पनि शहर वा कुनै स्थानमा लुटपाट मच्याउनु ।

६. बलात्कार, यौन दासता, बाध्यकारी बेश्यावृत्ति, बाध्यकारी गर्भधारण, बाध्यकारी बन्ध्याकरण र अन्य प्रकारका यौन हिंसा ।

७. पन्ध्र वर्ष मुनिका बालबालिकालाई सशस्त्र सेना वा समूहमा भर्ती गर्नु वा शत्रुतापूर्ण गतिविधिमा तिनलाई सहभागी बनाउनु ।

८. सुरक्षा वा सैनिक दृष्टिबाट समेत औचित्यपूर्ण नरहेको विवादका खातिर नागरिक जनसंख्याको विस्थापनाको आदेश दिनु ।

९. दुश्मन पंक्तिको योद्धालाई घातपूर्वक मार्नु वा घाइते बनाउनु ।

१०. आवास प्रदान गर्न अस्वीकृतिको घोषणा ।

११. विवादको पक्षमा रहेको अर्को समूहको सत्ताधारी व्यक्तिलाई शारीरिकरुपमा अंगभंग बनाउनु वा सम्बन्धित व्यक्तिको उपचारमा संलग्न चिकित्साले औचित्यपूर्ण नठहऱ्याएको कुनै पनि किसिमको चिकित्सा वा बैज्ञानिक प्रयोग गर्नु, जसले सम्बन्धित व्यक्तिको मृत्यु निम्त्याउँछ वा स्वास्थ्यलाई गम्भिररुपमा खतरायुक्त बनाउँछ ।

१२. विवादको आवश्यकताले अत्यधिक माग नगरेसम्म दुश्मनको सम्पत्तिको संहार वा कब्जा ।

ई. आक्रमणको अपराध- आक्रमणको अपराधमा के-के निहीत रहन्छ भन्ने कुरा आइ. सी. सी. का हस्ताक्षरकर्ता वीच अझै छलफल गर्नुपर्ने विषय रहेको छ । खासगरी संयुक्त राज्य अमेरिका, निकारागुवा, कोस्टारिका र एल साल्भाडोर सलग्न सैनिक कारवाहीको सवालका कारण अन्तर्राष्ट्रिय कानूनमा आक्रमणको अपराधले विस्तारै आकार ग्रहण गर्दैछ ।

संयुक्त राज्य अमेरिका जस्ता केही राष्ट्रहरुले विधानमा आक्रमणको अपराधलाई समावेश गर्नुपर्ने धारणा विरुद्ध मत प्रदान गरे । उनीहरुलाई डर थियो- कतै यसले अन्य राष्ट्रमा सैनिक कारवाही गर्ने सैनिक कमाण्डरलाई उदाङ्गो पार्ने त होइन । आक्रमणको अपराधका उल्लंघनकर्ताहरु विरुद्ध मुद्दा चलाउने र दण्डित गर्ने कुरा हस्ताक्षरकर्ता राज्यहरु यसको परिभाषा र तत्वमा सहमत भएपछि मात्र लागू हुन्छ ।

६. अदालतको न्यायिक क्षेत्राधिकारको सीमा के हो ?

अदालतसँग विधान लागू भएपछिको स्थितिमा भएका अपराधका सवालमा मात्र न्यायिक क्षेत्राधिकार रहेको छ । किनभने विधान लागू हुनुभन्दा पूर्व समयको न्यायिक क्षेत्राधिकार यससँग छैन । सिद्धान्ततः विधान अन्तरगत, मार्कोस र सुहार्तो शासन कालमा भएका अपराधका सवालमा दण्डित गर्न सकिँदैन ।

कुनै राज्यले कुनै अपराध वा उजुरी पेश गरेको छ वा न्यायिक अधिकारीले यसमा पहल गरेको छ भने, देहायका एक वा वढी राष्ट्र विधानका पक्षधर छन् वा आइ. सी. सी. को न्यायिक क्षेत्राधिकारलाई स्वीकार गरेका छन् भने आइ. सी. सी. ले त्यस सवालका आफ्नो न्यायिक क्षेत्राधिकार प्रयोग गर्न सक्छः

क) आरोपित अपराध भएको क्षेत्रको राज्य

ख) अपराधको अभियोग लागेको व्यक्ति नागरिक भएको राज्य

ती राष्ट्र जसले विधानमा हस्ताक्षर गरेका छैनन् वा अनुमोदन गरेका छैनन्, तिनीहरु अदालतको न्यायिक क्षेत्राधिकार अन्तरगत नरहे पनि आइ. सी. सी. को फैसलालाई स्वीकार्न सक्छन् र विधानको कार्यान्वयनमा सहयोग गर्न सक्छन् ।

७. राज्य पक्षको दायित्व

रोम विधान अन्तरगत, राज्य पक्षका दुईवटा आधारभूत दायित्व छन्:

परिपूरण

राज्यको प्राथमिक दायित्व भनेको नरसंहार, मानवता विरुद्धको अपराध र युद्ध अपराधका जिम्मेवारहरुलाई न्यायको कठघरामा उभ्याउनु हो र "अन्तर्राष्ट्रिय अपराधका जिम्मेवारहरु माथि फौज्दारी न्यायिक क्षेत्रधिकारको अभ्यास गर्नु प्रत्येक राज्यको कर्तव्य हो ।"

रोम विधानको धारा १ ले उल्लेख गरेको छ- अदालत "राष्ट्रिय फौज्दारी न्यायिक क्षेत्राधिकारको परिपूरक हुनेछ" यसको अर्थ, माथि उल्लेखित अपराधका जिम्मेवार विरुद्ध कारवाही चलाउन, आफ्नो राज्यको निवासी वा नागरिक, आरोपित व्यक्तिमाथि उत्तरदायित्व रहेको राज्य असमर्थ वा अनिच्छुक भएमा मात्र आइ. सी. सी. ले कारवाही थाल्न सक्छ । तसर्थः राज्यहरुले कानून वनाएर

लागू गर्नुपर्छ जसले अन्तर्राष्ट्रिय कानून अन्तरगतको अपराधलाई राष्ट्रको कानून अन्तरगतको अपराध मानोस्, चाहे त्यो अपराध जहाँसुकै भएको किन नहोस्, जो सुकैले गरेको किन नहोस् र जो सुकै शिकार बनेको किन नहोस् । जब राज्य दोषलाई कारवाही चलाउन असमर्थ वा अनिच्छुक हुन्छ तब मात्र आइ. सी. सी. ले आरोपित माथि आफ्नो न्यायिक क्षेत्राधिकार प्रयोग गर्नेछ ।

पूर्ण सहयोग

जब अदालतले, परिपूरकको सिद्धान्तअनुरुप आफ्नो न्यायिक क्षेत्राधिकारको अभ्यास गर्ने निश्चय गर्दछ राज्य पक्षहरु धारा ८६ अन्तरगत "अदालतको न्यायिक क्षेत्राधिकार भित्रको अपराधको अनुसन्धान र कारवाहीमा अदालतलाई पूर्ण रुपमा सहयोग गर्न सहमत हुन्छन् ।" त्यसकारण राज्य पक्षहरुद्वारा आफ्नो न्यायिक क्षेत्राधिकारमा रहेर आइ. सी. सी. का अधिकारीहरुले प्रभावकारी अनुसन्धान कार्य गर्न सकुन्, कागजपत्र प्राप्त गर्न, आरोपित व्यक्तिको सम्पत्ति पत्ता लगाउन र कब्जा गर्न, खोज तलास गर्न र प्रमाण कब्जामा लिन, प्रत्यक्षदर्शीलाई संरक्षण दिन, अपराधमा आरोपित व्यक्तिलाई गिरफ्तार गर्न र अदालतमा सुम्पन सकुन् भन्नाका खातिर आफ्ना अदालतहरु र अन्य अधिकारीहरुले पूर्ण सहयोग उपलब्ध गराउने कुराको सुनिश्चितता प्रदान गरिनु पर्छ । राज्यहरुले दण्डित व्यक्तिलाई बन्दी सुविधा उपलब्ध गराउँदै दण्ड लागू गर्ने सवालमा पनि अदालतलाई सहयोग गर्नुपर्छ ।

८. आइ. सी. सी. लाई संचालन गर्ने सिद्धान्त के-के हुन् ?

अन्तर्राष्ट्रिय कानून र फौज्दारी कानूनका विभिन्न सिद्धान्तहरुले आइ. सी. सी. लाई संचालन गर्दछन् । ती मध्ये :

- **लागू पूर्वको स्थिति-** विधान लागू भएपछि भएका अपराधहरुमा मात्र आइ. सी. सी. समर्थ हुन्छ । यसको अर्थ, उदाहरणको रुपमा मार्कोसको शासनमा भएका अपराधका लागि आइ. सी. सी. अन्तरगत न्यायिक कारवाही चलाउन सकिँदैन ।
- **दण्डहीनतामा निषेध-** कुनै पनि किसिमको विमुक्ति, क्षमा, पदाधिकारीको दण्डहीनता वा यस्तै प्रकारका दण्डहीनतालाई विधानले मान्यता दिनु हुँदैन।
- अदालती कारवाही निष्पक्ष हुनैपर्छ र उचित प्रक्रियाको पालना गर्नैपर्छ ।

- मृत्युदण्ड लागू गर्न नपाइने। अदालतले पीडितका निम्ति क्षतिपूर्तिको आदेश जारी गर्न सक्दछ ।
- पीडित र चश्मदिद् गवाहहरुको सुरक्षा गरिनु पर्दछ ।

९. मुद्दालाई न्यायिक कारवाहीमा कसरी लगिन्छ ?

परस्परका परिपूरक सिद्धान्तहरुका आधारमा, आइ. सी. सी. ले तीन किसिमले अनुसन्धान प्रारम्भ गर्न सक्छ :

पहिलो, राज्य पक्षले अधिकारी समक्ष "अवस्था" का बारेमा अवगत गराउन सक्छ । जहाँ अदालतको क्षेत्राधिकारभित्र एक वा बढी अपराधहरु गरिएको ठानिएको हुन्छ । (धारा १३ (क) र धारा १४)

दोस्रो, सुरक्षा परिषद्ले अधिकारी समक्ष "अवस्था" का बारेमा अवगत गराउन सक्दछ । (धारा १३ (ख))

तेस्रो, अधिकारीले कुनै पनि भरपर्दो स्रोतबाट प्राप्त सूचनाका आधारमा आफ्नै ढंगमा अनुसन्धानको थालनी गर्न सक्दछ । (धारा १३ (ग) र धारा १५) यस्तो अवस्थामा व्यक्ति वा गैरसरकारी संस्थाले अधिकारीसमक्ष "उजुरी" दर्ता गराउन सक्छन् । त्यसपछि अधिकारीले अनुसन्धान प्रारम्भ गर्न सक्छन् ।

तत्पश्चात अधिकारीले अदालतको पूर्व न्यायिक कारवाहीको इजलाससमक्ष शंकास्पद व्यक्तिको गिरफ्तारी र समर्पणका निम्ति गिरफ्तारीको पूर्जी काट्न अनुरोध गर्दछ । त्यो कुरा मान्य भएको अवस्थामा गिफ्तारीको पूर्जी काटिन्छ ।

आइ. सी. सी. ले वकिलसँग सम्पर्क राख्न पाउने अधिकार, जोरजुलुम वा लाजगाल दोहोरो भय देखाएर एउटै मुद्दामा दोहोरो सजाय भोग्न नपर्ने अधिकार, आफू विरुद्ध बयान दिन नपर्ने अधिकार जस्ता अन्तर्राष्ट्रिय कानूनमा प्रत्याभूत गरिएका सबै आधारभूत निष्पक्ष न्यायिक कारवाहीका अधिकारहरुको सम्मान र परिपालना गर्दछ । विधानले मृत्युदण्डलाई अनुमोदन गर्दैन ।

एसियामा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको अभियान :

मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानून बहालीको संघर्षका निम्ति आइ. सी. सी. एउटा महत्वपूर्ण खुड्किलो हो । निरन्तर मानवअधिकार उल्लंघन भइरहने क्षेत्र र सरकारहरु र विभिन्न विद्रोही समूहहरु बीचको लामो

समयदेखिको युद्ध र विवादबाट पीडित एसियाले आइ. सी. सी. को स्थापनाबाट राहत पाउन सक्छ ।

आइ. सी. सी. को स्थापनाले एसियालाई निम्नानुसार अनुकूल प्रभाव पार्न सक्छ :-

- मानवअधिकार र अन्तर्राष्ट्रिय कानूनका उल्लंघनकर्ताहरुका विरुद्ध न्यायको चाहना गरिरहेका पीडितहरुलाई मञ्च प्रदान गर्दछ ।
- दण्डहीनताको अन्त्य गर्न सघाउ पुऱ्याउँछ ।
- वर्तमान विवादको अन्त्य गर्न सघाउँछ वा त्यसलाई सक्दो "मानवीय" ढंगमा हेर्न सिकाउँछ ।
- न्यायिक कारवाही अगाडि बढाउने अदालत अनिच्छुक वा असमर्थ भएको सवालमा न्यायिक क्षेत्राधिकारको अभ्यास गर्दछ ।
- उल्लंघनकर्ताहरुलाई निरुत्साहित तुल्याउँछ ।

अन्तर्राष्ट्रिय फौज्दारी अदालतको लागि गैरसरकारी संस्था गठबन्धन (NGO Coalition for an International Criminal Court) को समर्थन मार्फत क्षेत्रका सरकारहरुको हस्ताक्षर र अनुमोदनका लागि रांष्ट्रिय तथा क्षेत्रीय अभियानको आयोजना गरिंदैछ ।

अभियानको लक्ष्य :

- रोम विधानमा एसियाली सरकारहरुको हस्ताक्षर र अनुमोदनका लागि राष्ट्रिय र क्षेत्रीय गतिविधिहरु संचालन गर्नु ।
- आइ. सी. सी. को सन्दर्भमा आम सचेतनता सिर्जना गर्नु र यसको प्राप्तिको लागि जनसमर्थन आर्जन गर्नु ।
- आइ. सी. सी. को स्थापनालगायत दण्डहीनता, मानवअधिकार र शान्ति जस्ता सार्थक सवालहरुमा सरकारी प्रतिनिधि र मानवअधिकार तथा शान्ति पक्षधरको बीच सम्वादका लागि मञ्च उपलब्ध गराउनु ।
- आइ. सी. सी. को स्थापनाका लागि राष्ट्रिय गठबन्धन तथा क्षेत्रीय र उपक्षेत्रीय संजालको गठन गर्नु ।

अन्तर्राष्ट्रिय फौज्दारी अदालत स्थापनाको संघर्षमा विशेषगरी, वर्तमानमा सरकार र विद्रोही शक्तिबीचको युद्धले असर पारेको क्षेत्रका संगठनहरुलाई संलग्न गराउन विभिन्न क्षेत्रीय कार्यक्रमहरु संचालन गरिने छ ।

तपाई के गर्न सक्नु हुन्छ ?

१. विद्यालय, समुदाय वा अन्य मञ्चहरुमा आइ. सी. सी. का विषयमा बताउन यो चिनारीको पुनरउत्पादन गरेर वा अन्य किसिमले सूचना प्रवाह वा छलफल गर्न सक्नुहुन्छ ।

इन्टरनेटमा वेवसाइटः http//www.iccnow.org मा आइ. सी. सी. का सम्बन्धमा नयाँ नयाँ सूचना र जानकारी प्राप्त गर्न सक्नु हुनेछ ।

२. कार्यशाला गोष्ठी वा अन्य कार्यक्रमको आयोजना गर्न सक्नुहुन्छ । त्यस्ता कार्यक्रममा एन. जी. ओ. सी. आइ. सी. सी. का वक्ताहरुलाई निम्त्याउन सक्नुहुनेछ ।

३. आइ. सी. सी. प्रति तपाईंले आफ्नो समर्थन जाहेर गर्दै आफ्नो सरकारलाई यसमा हस्ताक्षर र अनुमोदन गर्न पत्र लेख्न सक्नु हुनेछ ।

४. आइ. सी. सी. को प्रवर्द्धनका निम्ति विभिन्न कार्यक्रमहरुको पहल गर्न र भाग लिन सक्नु हुनेछ ।

प्रस्तावना

सम्पूर्ण जनता समान सम्पदाका आफ्ने सांस्कृतिक धरोहरमा साझा रुपमा बाँधिएका कुरामा सहमत हुँदै र यो उदार परदृष्य कुनै पनि बेला भत्किन सक्ने कुरामा चासो राख्दै, यो शताब्दीमा लाखौं बालबालिका, महिला र पुरुषहरु अकल्पनीय क्रूरतावाट पीडित भएका र यसले मानवीय चेतनामा गहिरो चोट पुऱ्याएको कुरालाई ध्यानमा राख्दै,

यस्ता गम्भीर अपराधवाट शान्ति, सुरक्षा र समुन्नतिमा चुनौती आएको महसुश गर्दा, अन्तर्राष्ट्रिय समुदायको चासो रहेका गम्भीर अपराधहरु दण्डहीन हुँदै जानु हुँदैन र अपराधीहरुमाथि मुद्दा चलाउन राष्ट्रिय तहमा मापदण्डहरु सुनिश्चित गर्नु पर्दछ र यसका लागि अन्तर्राष्ट्रिय सहयोग बलियो बनाउनु पर्दछ भन्ने कुरामा विश्वस्त हुँदै,

यस्ता अपराधका लागि दोषीहरुको दण्डमुक्तिलाई समाप्त गर्नु पर्दछ र यस्ता अपराध रोकथाम गर्न योगदान गर्नु पर्दछ भन्ने कुरामा प्रतिवद्ध हुँदै,

अन्तर्राष्ट्रिय अपराधका जिम्मेवारहरुमाथि फौज्दारी न्याय दिने अभ्यास गर्नु हरेक राज्यको कर्तव्य हो भन्ने कुराको स्मरण गराउँदै,

संयुक्त राष्ट्रसंघको घोषणा पत्रका नीति र सिद्धान्तप्रति र खासगरी कुनै राज्यको राजनीतिक स्वतन्त्रता वा भू-भागको अविच्छिन्नता विरुद्ध शक्तिको प्रयोग वा चुनौती वा राष्ट्रसंघको उद्देश्य विपरित हुने अन्य कुनै कामका विरुद्ध सबै राज्यको विश्वास दोहोऱ्याउँदै,

यस सन्दर्भमा यो वडापत्रमा उल्लेख भएको अवस्थामा वाहेक कुनै राज्यको सशस्त्र द्वन्द्वको आन्तरिक मामिलामा कुनै राज्य पक्षले हस्तक्षेप गर्न नपाउने कुरामा जोड दिँदै,

यी अवस्थामा आइपुग्न र वर्तमान र भावी सन्ततिको भविष्यका लागि, राष्ट्र संघीय प्रणालीमा आवद्ध रही, समग्रतामा अन्तर्राष्ट्रिय समुदायले चासो देखाएका सबै गम्भीर अपराधमा न्याय दिलाउन एक स्वतन्त्र अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापनाप्रति प्रतिवद्ध हुँदै,

यो वडापत्रअन्तर्गत स्थापित अन्तर्राष्ट्रिय फौज्दारी अदालत न्याय प्रणालीका लागि सहयोगी हुने कुरामा जोड दिँदै,

अन्तर्राष्ट्रिय न्यायको कार्यान्वयनका लागि अन्तिम सुनिश्चितता प्रदान गर्दै,

देहायका विषयमा सहमत भएका छौं ।

(अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम वडापत्र संयुक्त राष्ट्रसंघका महामहिम राजदूतहरुको सम्मेलनबाट पारित गरी १७ जुलाई १९९८ का दिन अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापना गरिएको छ ।)